## आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

प्रस्तावना: आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी, कार्यविधि, २०८१मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यस कार्यविधिको नाम "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि,२०८१ (यस पछि मूल कार्यविधि भनिएको) मा दफा १५क थप:मुल कार्यविधिको दफा १५ पछि देहायको दफा१५क थपगर्ने।

१५क. विशेष व्यवस्था: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक वर्ष २०८१/८२ मा छनोट भई आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने आयोजनाको प्रस्ताव, सिफारिस, छनोट र प्राथमिकीकरणको समयसीमा देहायबमोजिम हुनेछ।

(क) दफा ४ को उपदफा (८)मा उल्लिखित समिति समक्ष पेश गर्ने समयसीमा चैत्र मसान्तसम्म हुनेछ।

(ख) दफा ६ को उपदफा (५) मा उल्लिखित आयोजनाहरुको एकीकृत सूची तयार गरी सम्बन्धित मन्त्रालयमा विवरण पेश गर्ने समयसीमा बैशाख ७ गतेसम्म हुनेछ।

(ग) दफा ८ को उपदफा (५) मा उल्लिखित आयोजना बैङ्कमा प्रविष्टी गरी सोको जानकारी आयोगमा पठाउनुपर्ने समयसीमा बैशाख २१ गतेसम्म हुनेछ।

(घ) दफा ९ को उपदफा (४) मा उल्लिखित आयोजनाको प्राथमिकीकरण गरी सोको जानकारी सम्बन्धित मन्त्रालयलाई दिनुपर्ने समयसीमा जेष्ठको ७ गतेसम्म हुनेछ।"

३. मूल कार्यविधिको दफा १७ मा संशोधन: मूल कार्यविधिकोदफा १७ को सट्टा देहायको दफा १७ राख्ने

"१७. बाधा अड्काउ सम्बन्धी व्यवस्था: यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयको सहमतिमा आयोगले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।"

सचिव